निर्णय नं. ५

मन्थली नगरपालिकामा रिक्त दरबन्दीमा पदपूर्तिका लागि नगरपालिकाको मिति २०८२/७/२१ को माग पत्रका आधारमा मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयबाट मिति २०८२/५/९ बाट लागु हुने गरी स्थानीय सेवा सामान्य प्रशासन समूहको अधिकृत सातौ तहको शाखा अधिकृत पदमा सिफारिस भई आउनु भएका बालकृष्ण थपलियालाई वागमती प्रदेशबाट जारी स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐनको दफा १७ को उपदफा (१) बमोजिम यस नगरपालिकाको अधिकृत सातौ तहको शाखा अधिकृत पदमा नियुक्ति तथा पदस्थापन गर्ने ।

निर्णय नं. ६

विभिन्न कार्यक्रम सञ्चालनका लागि सहयोग माग गर्ने तपसिल बमोजिमका संघ संस्थाहरुलाई देहाय बमोजिमको सहयोग उपलब्ध गराउने ।

| सि.नं. | माग गर्ने संस्थाको नाम | स्रोत | सञ्चालन हुने कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) रामेछाप | संघ संस्था सहयोग | स्थापना दिवस सम्मान तथा पर्यटन प्रवर्धनमा पत्रकारको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम | २०००० |
| २ | नेवाः खल रामेछाप मन्थली | कला संस्कृति संरक्षण | नेवारी लाखे नाच प्रदर्शनी तथा संस्कृति संरक्षण कार्यक्रम | ७५००० |
| ३ | चिसापानी नेवाः खल मनपा ८ | कला साहित्य संस्कृति संरक्षण | गाइजात्रा कार्यक्रम | ५०००० |
| | जम्मा | | | १४५००० |

निर्णय नं. ७

मन्थली नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयबाट शैक्षिक सत्र २०८१ को एस ई ई परीक्षामा ४ जिपिए प्राप्त गर्ने विद्यार्थीलाई प्रति विद्यार्थी रु ५००००/- अक्षेरुपी पचास हजार तथा शैक्षिक सत्र २०८१ मा सञ्चालित आधारभुत तह (कक्षा ८) को परीक्षामा ४ जिपिए प्राप्त गर्ने विद्यार्थीलाई प्रति विद्यार्थी रु ५०००/- अक्षेरुपी पाँच हजार प्रोत्साहन स्वरुप उपलब्ध गराउने ।

२०८२/०५/१०

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत